
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ असोज ९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 September 25 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३८

## मधेसका बासिन्दा राष्ट्रका पहरेदार –अध्यक्ष ओली

प्रस, जनकपुरधाम, ८ असोज/

राष्ट्र र राष्ट्रियताको मुख्य पहरेदार तराई–मधेसका नागरिक हुन् भन्दै नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीले वास्तविक मधेसीलाई अल्पमतमा पार्ने दुश्प्रयास राज्य पक्षबाट भइरहेको आरोप लगाएका छन्। मधेस प्रदेशको राजधानी जिल्ला धनुषाको विदेह नगरपालिका तीनकौरिया चोकमा शनिवार दल प्रवेश कार्यक्रममा अध्यक्ष ओलीले सरकारलाई आरोप लगाएका हुन् ।


तस्वीरः रासस

मधेसका कुनै पनि नेपाली नागरिकका सन्तान र नेपालमा जन्मिएका अभिभावकविहीन जोसुकैले पनि नेपाली नागरिकता पाउनुपर्छ भन्ने एमालेको अडान रहेको स्पष्ट पार्दै उनले नेपाली छोरासँग भावनात्मकरूपमा साँचो विवाह गर्ने विदेशी चेलीले नागरिकताको लागि कुनै चिन्ता लिनु नपर्ने बताए ।

नेकपा एमालेले गरेको जनमुखी काम, सरकार सञ्चालनको शैली एवं राष्ट्रप्रेमको भावको कारण तराई–मधेसमा एमाले प्रवेशको लहर चलेको अध्यक्ष ओलीले दाबी गरे ।

एमाले अध्यक्ष ओलीले एमाले सरकारको पालामा तराई–मधेस लक्षित विकास निर्माणको काम भएको दाबी गर्दै मधेसको उत्थानको खाका एमालेसँग मात्रै भएको दाबी गरे । सोही कारण मधेसमा एमाले प्रवेशको लहर चलेको उनको भनाइ छ ।

निवर्तमान प्रधानमन्त्री ओलीले भने, "हामीले काम मात्रै गर्‍यौं । हाम्रो काम देखेर तराई–मधेससहित पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म एमाले प्रवेशको लहर चलेको छ ।"

मधेस आन्दोलनको बेला एमालेविरुद्ध केही तत्त्वले भ्रम फैलाएर एमालेलाई निषेध गर्न खोजेको भन्दै अध्यक्ष ओलीले अब त्यो भ्रमको पर्दा मधेसी जनताले नै च्यातेर फ्याँकिसकेको बताए ।

ओलीले निर्वाचनपश्चात् एमालेको सरकार बने पाँच वर्षभित्र नागरिकतासम्बन्धी र सुकुमबासीका हरेक समस्या समाधान गर्ने प्रतिबद्धता जनाए । मन्तव्यको क्रममा ओलीले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सरकारले धाँधलीको तयारी गरिरहेको आरोप लगाए ।

कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का प्रमुख सचेतक तथा पूर्वमन्त्री उमाशङ्कर अरगरिया नेकपा एमालेमा प्रवेश गरेका छन् । अरगरियासँगै निवर्तमान सांसद अमृता अग्रहरि, कैलुदेवी विश्वकर्मा, जसपाकी निवर्तमान प्रदेशसभा सदस्य डा रीना यादवलगायत नेताहरूको टोलीलाई अध्यक्ष ओलीले पार्टीमा स्वागत तथा सम्मान गरेका थिए । सो अवसरमा अध्यक्ष ओलीले एमालेमा प्रवेश गर्नेहरू अलपत्र नपार्ने आश्वासन दिए ।

१८ दिनमा नै दोस्रोपटक जनकपुर आइपुगेका ओली जनकपुरबाट रेल चढेर धनुषाको विदेह नगरपालिका तीनकौरिया पुगेका थिए ।

ओलीलाई जनकपुरमा कालो झन्डा देखाउने प्रयास भएको थियो। तर प्रहरीले सफल हुन दिएन । जनकपुर विमानस्थलबाट जनकपुर–जयनगर रेल चढ्न जाने क्रममा उनलाई जसपा र एकीकृत समाजवादीका कार्यकर्ताले कालो झन्डा देखाउने प्रयास गरेका थिए ।

जनकपुर विमानस्थलबाट ओली गाडीमा अगाडि बढेपछि नजीकै सडकमा कालो झन्डा लिएका युवा देखिएका थिए। तर प्रहरीले उनीहरूलाई तुरुन्तै नियन्त्रणमा लिएको थियो। यस क्रममा १२ जनालाई नियन्त्रणमा लिएर साँझपख मुक्त गरेको जिल्ला प्रहरी कार्यालय, धनुषाले जनाएको छ । यसअघि भदौ २७ गते ओली जनकपुरमा आएका थिए।

## अनुदानको मलसहित दुईजना पक्राउ

प्रस, बिरुवागुठी, ८ असोज/

पर्सागढी नगरपालिका वडा नं ३ बडनिहार बजारका दुईवटा पसलबाट प्रहरीले अनुदानका २७ बोरा कृषि मलसहित दुईजनालाई पक्राउ गरेको छ।


बरामद मल नियन्त्रणमा लिंदै प्रहरी। तस्वीरः प्रतीक

व्यापरी पसलेहरूले कृषि सामग्रीको युरिया र डिएपी मल चोरी निकासीबाट ल्याइ चर्को मूल्यमा किसानहरूलाई बिक्री गरिरहेको पर्सागढीका युवाहरूले जानकारी पाएपछि ना.२ह ३२६४ नम्बरको अटोमा जीतपुरतर्फबाट बडनिहार बजारमा रहेको जयप्रकाश थारूको पसलमा झार्न थालेको १० बोरा युरिया मलसहित अटो युवाहरूले नियन्त्रणमा लिई बडनिहार प्रहरीलाई जानकारी गराएका थिए । जानकारी पाए लगत्तै बडनिहार प्रहरी चौकी र इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको टोलीले थारूको पसलमा छापा मार्दा अटोमा रहेको १० बोरा र पसलमा रहेको चार बोरा गरी १४ बोरा अनुदानको युरिया मल र अटो चालकलाई नियन्त्रणमा लिएको र पसल सञ्चालक थारू फरार छन्।

त्यसपछि सोही स्थानमा रहेको नेत्रप्रसाद पौडेलको पसलमा प्रहरीले खोजतलाश गर्दा चार बोरा डिएपी र नौ बोरा युरियासहित १३ बोरा अनुदानको कृषि मलसहित पसल सञ्चालक पौडेललाई नियन्त्रणमा लिइएको छ।

पक्राउ परेका पसल सञ्चालक पौडेल र अटोचालक साहसहित २७ बोरा मल आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय, वीरगंज पठाइएको र फरार रहेका अर्का पसल सञ्चालक जयप्रकाश थारूको खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रमुख किशोर आचार्यले बताए ।

कृषि सामग्री कम्पनीको मल नगरपालिकाले तोकेको कृषि सहकारीबाट बिक्री वितरण गर्नुपर्ने भए तापनि किसानले अहिले मल नपाइरहेको अवस्थामा बिचौलियाहरूको माध्यमबाट ग्रामीण भेगमा रहेका कृषि पसलहरूले अहिले प्रतिबोरा युरिया मल दुई हजारदेखि २२ सय रुपैयाँमा किन्न बाध्य हुँदा सो पसलहरूमा कहाँबाट मल आइरहेको छ भन्ने कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङकै मिलेमतो रहेको किसानहरूले आरोप लगाएका छन्।

## तोकिएको समयसीमाभित्र निर्वाचन खर्च विवरण पेश नगर्ने

## निजगढका नगरप्रमुख र उपप्रमुख पदका १४ उम्मेदवारलाई ६३ लाख जरिवाना

प्रस, निजगढ, ८ असोज/

भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचन खर्च विवरण नबुझाउने जनप्रतिनिधि र उम्मेदवारहरूलाई अहिले रुनु न हास्नु भएको छ।

निर्वाचनसम्बन्धी कानून र आचारसंहिताबमोजिम तोकिएको समयसीमाभित्रै निर्वाचन खर्च विवरण पेश नगर्दा उनीहरू अहिले निकै आर्थिक तनावमा परेका छन् । निर्वाचन आचारसंहितामा उल्लेख गरिए अनुसार निर्वाचन सम्पन्न भएको ३० दिनभित्र खर्च विवरण जिल्ला निर्वाचन कार्यालयमा गई खर्च विवरण बुझाउनुपर्ने कानूनी व्यवस्था छ।

निर्वाचन आयोगले तयार गरेको सो सूचीमा निजगढका जनप्रतिनिधि र उम्मेदवारहरू पनि परेका छन्। निजगढ नगरपालिकाका लागि नेपाल कम्युनिस्ट पार्टी एमालेका तर्फबाट नगरप्रमुख पदका उम्मेदवार हाल जनप्रतिनिधि एवं नगरप्रमुख सुरथ पुरी, राष्ट्रिय प्रजातन्त्र पार्टीका नगरप्रमुख पदका उम्मेदवार सावित्री भारती, जनता समाजवादी पार्टी नेपालका सुरेश रूम्बा लामा, सामाजिक एकता पार्टीका वेदप्रताप थापामगर, उन्नत लोकतन्त्र पार्टीकी गीताकुमारी मैनाली, नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी–लेलिनवादी)का शङ्करकुमार चिमरिया, स्वतन्त्रबाट युद्धप्रसाद बजगाईं, स्वतन्त्रबाट एकबहादुर श्रेष्ठले जनही चार लाख ५० हजार जरिवाना तिर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ।

त्यसैगरी, उपप्रमुख पदका लागि उम्मेदवार र जनप्रतिनिधि भएका



तस्वीरः फाइल


निजगढ नगरपालिकाका लागि नेपाल कम्युनिस्ट पार्टी एमालेका उम्मेदवार हाल नगर उपप्रमुख सोममाया थिङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका वासुदेव तिमल्सिना, सामाजिक एकता पार्टीका सुशीला थापामगर, जनता समाजवादी पार्टी नेपालका चन्द्राकुमारी राई, उन्नत लोकतन्त्र पार्टीका पुरुषोत्तम अधिकारी, स्वतन्त्र मुनाकुमारी बोडुलाई जनही चार लाख ५० हजार जरिवाना तोकिएको छ। निजगढ नगरका लागि नगरप्रमुख र उपप्रमुख पदमा उम्मेदवारी दिने तर निर्वाचन खर्च तोकिएको समयभित्र नबुझाउने १४ जना उम्मेदवारलाई रु ६३ लाख जरिवाना तोकिएको हो।

त्यसैगरी, निजगढ नगरका लागि वडाध्यक्ष, वडा सदस्य पदका लागि उम्मेदवारी दिएका तर निर्वाचन खर्च विवरण नबुझाउने उम्मेदवार जनप्रतिनिधिहरूलाई पनि निर्वाचन आयोगले कडाइका साथ जरिवाना तोकेको छ। उनीहरूका हकमा जनही दुई लाख जरिवाना निर्वाचन आयोगले तोकेको छ।

यसरी निर्वाचन आयोगले तोकेको जरिवाना नतिर्दा त्यस्ता उम्मेदवारहरूका हकमा कुनै पनि निर्वाचनमा सहभागी हुनमा छ वर्षका लागि रोक लगाउने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ बमोजिम असुल उपर गर्ने जनाइएको छ । आयोगले जरिवाना नतिर्ने उम्मेदवारहरूको सूची एकीकृत निर्वाचन सूचना व्यवस्थापन प्रणालीमा समाविष्ट गर्ने र कुनै पनि निर्वाचनमा राजनीतिक दल वा स्वतन्त्र भएर पनि उम्मेदवारी दिंदा उक्त प्रणालीले उम्मेदवारी स्वीकार नगर्ने निर्वाचन आयोगले जनाएको छ।

## ठाराबका पूर्वप्राध्यापक दासको निधन

प्रस, वीरगंज, ८ असोज/



ठाकुर राम बहुमुखी क्याम्पस अन्तर्गत नेपाल प्राध्यापक सङ्घका पूर्वअध्यक्ष डा कुलानन्द दासको निधन भएको छ।

डेङ्गुबाट ग्रस्त डा दास विगत एक हप्तादेखि काठमाडौंको अस्पतालमा उपचार गराइरहेको क्रममा आज उनको निधन भएको परिवारजनले बताएका छन्।

## बारामा चार लाख ३३ हजार मतदाता

प्रस, कलैया, ८ असोज/

आगामी मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि बारामा चार लाख ३३ हजार ५०४ मतदाताले भाग लिने भएका छन्।

जिल्लाका चार निर्वाचन क्षेत्रसमेत गरी पुरुष दुई लाख ३६ हजार ८८०, महिला एक लाख ९६ हजार ६१२ र अन्य १२ गरी कुल चार लाख ३३ हजार ५०४ मतदाताले मतदान गर्ने जिल्ला निर्वाचन कार्यालयका प्रमुख सरोज चौधरीले जानकारी दिए। ३०५ मतदान स्थल, ५५५ मतदान केन्द्रको व्यवस्था गरिएको छ।

निर्वाचन क्षेत्र नं १ मा पुरुष ६३ हजार ४६४, महिला ५५ हजार ९०६ र अन्य पाँच गरी एक लाख १९ हजार ३७५ मतदाताका लागि ८६ मतदान स्थल, १५५ मतदान केन्द्र छन् । त्यसैगरी, निर्वाचन क्षेत्र नं २ मा पुरुष ५८ हजार ७४२, महिला ४४ हजार २६९ गरी एक लाख पाँच हजार ११ मतदाताका लागि ८२ मतदान स्थल, १३६ मतदान केन्द्र तोकिएको छ।

निर्वाचन क्षेत्र नं ३ मा पुरुष ५६ हजार पाच सय २३, महिला ४६ हजार छ सय २५ र अन्य एक गरी जम्मा एक लाख तीन हजार एक सय ४८ मतदाताका लागि ७६ मतदानस्थल र एक सय ३३ मतदान केन्द्र तोकिएको निर्वाचन कार्यालयले जनाएको छ । त्यसैगरी निर्वाचन क्षेत्र नं ४ मा पुरुष ५८ हजार एक सय ५२ मतदाता, महिला ४७ हजार आठ सय १२ र अन्य छ गरी जम्मा एक लाख पाच हजार नौ सय मतदाता

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**सदैव प्रसन्न बस, चित्तलाई मृदुल,कोमल र हर्षमय बनाऊ। व्यर्थ शङ्का गर्ने आदत परित्याग।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सडकको गुणस्तरमा लापरवाही किन ?


समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com


**सडकको गुणस्तरभन्दा पनि लोकप्रियताका लागि किलोमिटर नाप्ने परिपाटी बढी देखिएको छ। गुणस्तरीय सडकले विकासलाई सघाउने मात्र होइन, मानिसलाई अकाल मृत्युबाट पनि जोगाउन सक्छ भन्ने तथ्यलाई पूरै बेवास्ता गरिएको छ।**

एकजना बेलायती प्रधानमन्त्रीले भनेका थिए- अमेरिका विकसित भएर त्यहाँको सडक राम्रो भएको होइन, सडक राम्रो भएकोले अमेरिका विकसित भएको हो। सडक विकासको प्राथमिक पूर्वाधार हो। जहाँ सडक पुग्छ, त्यहाँ पछिपछि विकास पनि पुग्छ। हामीकहाँ सडक त बने, तर तिनको गुणस्तर र मापदण्डलाई पूरै बेवास्ता गरिंदा राजमार्ग कि मृत्युमार्ग भन्ने प्रश्न उठने गरेको छ। सडक र सवारी सञ्चालनको प्रभावकारी नियमन नहुँदा बर्सेनि सयौं मानिसले अकालमा ज्यान गुमाइराखेका छन्। हामीकहाँ चाडपर्वको समयमा मानिसको आवागमन मात्र होइन, दुर्घटनामा समाचार पनि बढी आउँछन्। यसमा सडकको दुरवस्था पनि एउटा मुख्य कारण हो।

विसं २००७ मा करीब ३७० किलोमिटर रहेको नेपालको सडक अहिले करीब एक लाख किलोमिटर पुगेको छ। सबैजसो जिल्लामा सडक पहुँच पुगेको छ। सडक विभागले ३० हजार किलोमिटर र स्थानीय सरकार अन्तर्गत ६० हजार किलोमिटर सडक निर्माण भएको सरकारी तथ्याङ्क छ। ३२ हजार किलोमिटर सडकमा त बाऱ्है महीना सवारी चल्छन्।

विकास भनेकै सडक हो भन्ने मानसिकता विकास भएको छ। हो, सडकले सुविधा त दिएको छ। तर सडकको सुरक्षाको पक्षलाई कत्ति पनि ध्यान दिइएको छैन। यसले दुर्घटना बढाएको छ।

विश्व स्वास्थ्य सङ्गठनको एक अध्ययन अनुसार सवारी (सडकमा हुने) दुर्घटनामा दैनिक ३६ सय मानिसको मृत्यु हुने गरेको छ। बर्सेनि दुई करोडदेखि पाँच करोड मानिस घाइते हुन्छन्। पैदलयात्री, साइकलयात्री र मोटरसाइकल यात्री बढी परेका छन्। विश्वमा पाँच वर्षदेखि २९ वर्ष उमेर समूहका मानिसको मृत्युको कारण सवारी दुर्घटना नै बढी हुने गरेको छ। धेरै देशले आफ्नो जिडिपीको तीन प्रतिशतसम्म रकम यस्ता दुर्घटनामा खर्च भइरहेको तथ्याङ्क यो बहुपक्षीय निकायको अध्ययनले उजागर गरेको छ।

अध्ययनको अर्को तथ्य यो पनि छ कि यस्ता दुर्घटनाका कारणले हुने मृत्यु विश्वका धनी देशभन्दा नेपालजस्ता गरीब तथा अल्पविकसित देशहरूमा बढी हुन्छ। दुर्घटनामा मृत्यु हुनेमध्ये गरीब देशमा ९० प्रतिशतभन्दा बढी हुने तथ्याङ्क विश्व स्वास्थ्य सङ्गठनको छ। नेपाल प्रहरीका अनुसार बितेका पाँच वर्षमा सवारी दुर्घटानामा १० हजारभन्दा बढीले ज्यान गुमाएका छन्। सडकमा हुने दुर्घटनाको ग्राफ बर्सेनि बढिराखेको छ। सवारी दुर्घटनामा बढी दोष चालकको लापरवाहीलाई दिने गरिएको छ। खराब अवस्थाका सवारीसाधन र सडकको दुरवस्थालाई कमै मात्र हेर्ने गरिएको छ। आज अधिकांश दुर्घटना सडकको खराब अवस्थाका कारण भएका छन्।

जथाभावी अन्धाधुन्ध सडकको ट्र्याक खोल्ने काम भइराखेको छ। स्थानीय सरकारमा गएका जनताका प्रतिनिधि नै डोजरका साहु भएपछि डाँडा खोतलेर सडकको ट्र्याक बनाइएको छ, तर त्यसको सुरक्षाको पाटोलाई पूरै बेवास्ता गरिएको छ। यस्ता नाम मात्रका सडकमा सवारीसाधन कुदेका छन्। त्यस्ता सडक सुरक्षाका दृष्टिले उपयुक्त छन् कि छैनन् ? सडक बनाइएको स्थानको भूगर्भ सडकयोग्य छ कि छैन ? यस्ता कुरामा कसैको ध्यान गएको पाइँदैन। कतिपय स्थानमा पहरा खोतल्दा पहिरो गएको छ। परिणाम, त्यस्ता सडक मानिसको अकाल मृत्युको कारण बनेको अवस्था छ। सडक मानिसका लागि थापिएका धरापजस्ता बनेका छन्।

अहिले चाडपर्वको माहोल शुरू भएको छ। प्रायः चाडपर्वमा मानिसको आवागमन बढी हुन्छ। नेपालीहरूको मुख्य पर्व दशैंमा सवारीसाधनमा सर्वसाधारणको भीडभाड नै लाग्ने गर्छ। मानिसको आवागमन बढी हुने भएकाले यो बेला दुर्घटनाका सामाचार पनि बढी आउने गरेका छन्। सडकमा सबैभन्दा बढी दबाब पर्ने भनेकै पर्वको समयमा हो। यो बेला कुनै पनि दुर्घटना भयो भने सरोकारका निकायहरू सवारीको तीव्र गति र चालकको कमजोरीलाई कारण देखाएर जिम्मेवारीबाट पन्छिने गरेका छन्। तर सडकको दुरवस्था सुधार्नेतर्फ कसैको ध्यान गएको देखिंदैन। आज पछिल्लो समयमा बनेका केही सडक (ती पनि नयाँ भएकाले मात्रै ठीक देखिएका हुन्। कति निर्माण नसकिंदै बिग्रिन शुरू भइसकेका छन्।)बाहेक सबैजसो मुख्य मार्गहरू सही हालतमा छैनन्।

मुख्य मार्ग मानिएको पूर्व–पश्चिम राजमार्गको दुर्गति नै यसको भेउ पाउन पर्याप्त हुन सक्छ। राजमार्गको हबिगत हेर्न लायक छैन। ठाउँठाउँमा खाल्डाखुल्डी र भत्किएका सडक दुर्घटना निम्त्याउने कारण बनेका छन्। पूर्व–पश्चिम राजमार्ग मात्र होइन, कुनै पनि सडकमा सुरक्षित यात्रा गर्न सक्ने स्थिति छैन। कतिपय सडकको त कालोपत्र भत्किएर बगरजस्तो देखिन्छ। कतै बाटोमा होइन, खोलाको बगरैबगर गाडी कुदाउनुपर्ने अवस्था छ। अरू त परको कुरा, देशको मुख्य प्रशासनिक केन्द्र भनिएको काठमाडौं उपत्यकाका सडकसमेत सद्दे अवस्थामा छैनन्। राजधानीकै सडकमा बनेको खाडलमा जमेको पानीमा डुबेर मानिसको मृत्यु भएका खबर पढिएकै हो। भत्किएको सडक र त्यहाँका खाल्डाखुल्डी दुर्घटनाका मुख्य कारण बनेका छन्।

दशैंको समयमा खासगरी सङ्घीय राजधानी काठमाडौंबाट बाहिर जानेहरूको भीड बढ्ने गर्दछ। सवारीसाधनको सङ्ख्या कम हुनुले सीमित सवारीमा यात्रु कोचेर यात्रा भइराखेको छ। पुराना सवारीमा खचाखच भरिएका यात्रु र सडकको बेहाल दुर्घटनाका कारण हुन्। हामीकहाँ कुनै ठूलै घटना दुर्घटना भएपछि मात्रै सवारी सुरक्षाको चेत आउँछ। त्यो घटना बिर्सिंदै जाँदा चेतना मात्र होइन, सतर्कतासमेत हराएर जान्छ।

स्मरण हुन्छ, केही वर्षअघि दशैंको केही दिनअघि भएको एउटा ठूलो सवारी दुर्घटना (मानवीय क्षतिका हिसाबले)ले त्यो बेला सवारीसाधनले सीट क्षमताभन्दा बढी यात्रु बोक्न नपाउने नियम कडाइका साथ लागू गरिएको थियो। त्यो वर्ष दशैंतिहारमा यात्रुले सुविस्तासँग यात्रा गर्न पाएका थिए। त्यसको केही समयपछि त्यो सबै नियम हावा खायो। त्यति बेला चाहिएजति सवारीसाधान व्यवस्थापन गर्न सक्ने यातायात व्यवसायीहरू अहिले सवारीसाधनको सङ्ख्या कम भएको बताइराखेका छन्। यात्रुलाई आलुका बोरा कोचिएझैं यात्रा गर्न विवश पारिएको छ।

त्यस बेला सवारीधनीहरूले विरोध पनि गरेका थिए। तर सरकार कडा भएपछि उनीहरूको विरोधको स्वर हराएर गयो। सवारी व्यवसायीहरूको मनोमानीमा पनि लगाम लगाउन जरुरी छ। सवारीसाधनको क्षमताभन्दा बढी यात्रु कोचेर व्यवसाय गर्न पाउनुपर्दछ भन्ने व्यवसायी होइनन्, ती यमराज हुन्। त्यस्ताविरुद्ध सरकार कठोर हुनुपर्दछ। तर कतिपय अवस्थामा यस्तो अराजकता र सिन्डीकेटको अगाडि सरकार लाचार भएको देखिएको छ। यस्तोमा मिलेमतोको गन्ध पनि नआएको होइन।

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ ले लामो दूरीमा चल्ने सवारीसाधनमा दुईजना चालक अनिवार्यरूपमा राख्नुपर्ने व्यवस्थाका साथै प्रत्येक चार घण्टामा थकाइ मेट्ने, चालक परिवर्तन गर्नेलगायतका व्यवस्था गरेको छ। यातायात व्यवसायीले त्यसको पालना गरेका छैनन्। 'टाइम कार्ड' लागू गरिएको भएपनि त्यो नाम मात्रको छ। यात्रु चढाउन बाटोमा ढिला गर्ने अनि समयमा पुग्न तीव्र गतिमा सवारी दौडाउँदा दुर्घटनाको जोखिम बढेको छ। कतिले त यात्रुलाई चढ्न र ओर्लिनमा पनि हतार गरेको देखिएको छ। यसले पनि दुर्घटनाको सम्भावनालाई बढाएको छ।

अर्को, सवारी चालक अनुमतिपत्र लिंदा पनि ड्राइभिङ स्कूलबाट तालीम प्राप्त गरेको हुनुपर्ने, लिखित र प्रयोगात्मक परीक्षा पास गरेको हुनुपर्ने भएपनि यी सबै रकमी खेलमा खुम्चिएका छन्। सवारी चालक अनुमतिपत्र वितरणमा पैसाको लेनदेनले अदक्ष चालक उत्पादन भइराखेको छ, जो दुर्घटनाका कारण बनेका छन्। अनुमतिपत्र पाएकालाई परीक्षणकालमा राख्ने, वर्षमा लगातार पाँचपटक ट्राफिक नियम उल्लङ्घन गरेमा चालक अनुमतिपत्र खारेजीजस्ता नियम पनि कडाइका साथ लागू हुन आवश्यक छ। सवारीसम्बन्धी ऐन नियम, जो असान्दर्भिक छन्, त्यस्ता कानूनमा संशोधन आवश्यक भइसकेको छ।

अन्त्यमा, सडक विकासकार आधारभूत पूर्वाधार हो भन्नेमा विवाद छैन, तर हामीकहाँ अधिकांश सडक कामचलाउ खालका छन्, गुणस्तरीय छैनन्। सडकको गुणस्तरभन्दा पनि लोकप्रियताका लागि किलोमिटर नाप्ने परिपाटी बढी देखिएको छ। गुणस्तरीय सडकले विकासलाई सघाउने मात्र होइन, मानिसलाई अकाल मृत्युबाट पनि जोगाउन सक्छ भन्ने तथ्यलाई पूरै बेवास्ता गरिएको छ।

# बाल्यकाल आघातको प्रभाव


स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
Koiralarp46@gmail.com


**बालबालिकालाई पर्याप्त निद्रा र पौष्टिक खाना खुवाउनुपर्छ। उनीहरूलाई सकेसम्म नियमित गतिविधिमा अडिग रहन प्रोत्साहित गर्नुपर्छ। अन्य उपायहरू -बाहिरी गतिविधिहरू जस्तै-नृत्य, सङ्गीत वा कला कक्षामा सामेल गराउने। यसबाट उनीहरूको पीडा कम हुँदै नयाँ जाँगर र उत्साहको अनुभूति गराउँछ।**

"उहाँ अचानक आक्रामक बन्नुहुन्छ र मलाई मामुली कुरामा पिट्नुहुन्छ; उहाँ एकदमै अप्रत्याशित देखिनुहुन्छ-एकै छिनमा धेरै दयालु र अर्को क्षण निर्दयी बन्नुहुन्छ"–मनिताले आफ्ना पतिबारे कुरा गर्दै भनिन्। जब उनले यो अँध्यारो रहस्य खुलासा गरिन्, उनको आत्महत्याको विचारका साथै डिप्रेशनको मुख्य कारण स्पष्ट भयो। गहिरो अनुसन्धानपछि पत्ता लाग्यो कि एक प्रतिष्ठित बहुराष्ट्रिय कम्पनीका डिजिएम शिशिर (परिवर्तित नाम) मा देखिने हिंसक व्यवहार उनको बाल्यकालका खराब अनुभवहरूको परिणति थियो, जहाँ उनले आफ्नो बुवाले गाली गरेको र आमालाई सामान्य कुरा (घरेलु हिंसा) मा कुटपिट गरेको देखेका थिए।

बाल्यकालका प्रतिकूल अनुभवहरू, जसलाई प्रायः बाल्यकालको आघात भनिन्छ, आधुनिक समाजमा धेरै सामान्य छ। साइकियाट्रिक टाइम्सका अनुसार करीब ४८ देखि ५० प्रतिशत मानिस आफ्नो जीवनको कुनै न कुनै समयमा कुनै न कुनै प्रकारको आघातबाट गुज्रिएका हुन सक्छन्। यद्यपि केही आघात निको हुन्छ, अधिकांश निको नहुने बाल्यकालका आघातहरूले व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र आर्थिक स्वास्थ्यमा दीर्घकालीन प्रभाव पार्छ।

बाल्यकालको आघातमा शारीरिक, भावनात्मक, यौन दुर्व्यवहार, शारीरिक र भावनात्मक उपेक्षा आदि पर्छ। त्यसैगरी भूकम्प, बाढी वा दुर्घटना, आफन्त गुमाउने प्राकृतिक प्रकोपहरू आघातको कारण हुन सक्छ। यसबाहेक हिंसा, दुर्घटना देख्दा मात्र पनि संवेदनशील व्यक्तिमा आघात पर्न सक्छ।

आघातपछि बालबालिकामा देखिने तत्कालका प्रतिक्रिया कुनै स्थानबारे ख्याल नगर्ने र मानिसलाई बेवास्ता गर्ने, मुड स्विङ, चिन्ता, अत्यधिक चिन्ता, उदासी वा तीव्र डर, कमजोर एकाग्रता र पढाइमा ध्यान नजाने हुन्छ। त्यसैगरी आत्म–पृथकता र कम निद्रा र भोक पनि यसको उपज हो। आघातबाट हुने मनोवैज्ञानिक क्षति निर्धारण गर्ने कारकहरू हुन्–आघात हुँदा बच्चाको उमेर, चाहे यो एकल घटना होस् वा बारम्बार, पीडितसँग पीडकको सम्बन्ध, र अपराधीहरूको संलग्नता।

यद्यपि हामीमध्ये धेरैले विश्वास गर्छौं कि सानो बच्चा भएकोले, बच्चाले घटना बिर्सन्छ, यो वास्तवमा सत्यबाट टाढा छ। वास्तवमा अधिकांश आघातले बच्चाको मानसिकतामा स्थायी क्षति पुऱ्याउँछ जसले जीवनका शारीरिक, मानसिक, आर्थिक र सामाजिक सबै पक्षमा असर पार्छ। मनोवैज्ञानिक घाउले आउने वर्षहरूमा कुरूप दागको टाटो बसालिदिन्छ। यस्ता दर्दनाक घटनाले बालबालिकाको शारीरिक विकासमा समस्या, मधुमेह, मुटुरोग, क्यान्सर र अटो–इम्यून रोग लाग्ने सम्भावना बढी हुन्छ। त्यस्ता व्यक्ति पोस्ट–ट्रमाटिक तनाव, विकार र व्यक्तित्व विकारले ठूलो जोखिममा हुन्छन् जुन उपचार गर्न गाह्रो हुन सक्छ। डिप्रेशन, एन्जाइटी, अब्सेसिभ कम्पल्सिभ डिसअर्डर, बाइपोलर डिसअर्डर र साइकोटिक डिसअर्डरको उच्च प्रचलन उनीहरूमा बढी देखिन्छ। कमजोर शैक्षिक कार्यसम्पादनले कम आम्दानी, गरीब आवास र भविष्यमा आघातको अधिक सम्भावना निम्त्याउँछ, जसले गर्दा उनीहरू एउटा दुष्चक्रमा फस्न पुग्छन्।

हामीलाई थाहा छ, रोकथाम उपचार भन्दा राम्रो हो। रोकथामका उपायहरू हुन्–बाआमालाई आघातको प्रतिकूलताबारेराम्रो जानकारी हुनुपर्छ, आफ्ना बच्चाहरूसँग मैत्री र सहयोगी सम्बन्ध राख्नुपर्छ जसले बच्चाहरूले कुनै पनि दुर्घटनाबारे अभिभावकसँग कुरा गर्न सकून्। आफूलाई अभिव्यक्त गर्न भावनात्मक ठाउँ दिनु, सहानुभूति र अनुकम्पाको साथ ध्यानपूर्वक सुन्नु उनीहरूको भावनाको प्रमाणीकरणको प्रक्रियाको सबैभन्दा महत्त्वपूर्ण भाग हो। बच्चाहरूले सोधेका प्रश्नहरूको जवाफ सकेसम्म इमानदारीपूर्वक दिनुपर्छ। बालबालिकाको व्यवहारप्रति सजग रहँदै र उनीहरूलाई आश्वस्त पार्दै, सान्त्वना दिंदै मानसिकरूपले सुरक्षा दिनुपर्छ। हामी शान्त भएर उनीहरूको कुरा सुनिदिने मात्र हो भने त्यसले रामवाणको काम गर्छ। बालबालिकालाई पर्याप्त निद्रा र पौष्टिक खाना खुवाउनुपर्छ। उनीहरूलाई सकेसम्म नियमित गतिविधिमा अडिग रहन प्रोत्साहित गर्नुपर्छ। अन्य उपायहरू –बाहिरी गतिविधिहरू जस्तै–नृत्य, सङ्गीत वा कला कक्षामा सामेल गराउने। यसबाट उनीहरूको पीडा कम हुँदै नयाँ जाँगर र उत्साहको अनुभूति गराउँछ।

विभिन्न मनोविज्ञानिक थेरापी, जस्तै– एक्सपोजर थेरापी (नेट्) जसले आघातलाई कम डरलाग्दो र अधिक सकारात्मक बनाउनको लागि पुनः फ्रेम गर्दछ, आघात–केन्द्रित संज्ञानात्मक व्यवहार थेरापी (TF–CBT) ले हानिकारक स्वचालित विश्वासहरूको पहिचान र सुधार गर्दछ। बालबालिकाहरूलाई उनीहरूको असुविधा हटाउन मदत गर्नको लागि, बाल र पारिवारिक आघात तनाव हस्तक्षेप (CF–TSI) बालबालिका र उनीहरूका प्राथमिक हेरचाहकर्ता वा अभिभावकहरूबीच सञ्चारमा सुधार गर्न केन्द्रित रहेको हुन्छ।

यस लेखनको शुरूमा उल्लेख गरिएको वास्तविक कथामा फर्केर, शिशिरलाई उनको बाल्यकालको आघात निको पार्न एक मनोवैज्ञानिक परामर्शदाताको सम्पर्कमा लगियो। शुरूमा उनले ढुक्कसँग इन्कार गरे पनि अन्ततः उनी सल्लाहकारको सहयोग लिन तयार भए। उनी निको हुने बाटोमा छन् र उनको हिंसक व्यवहार बिस्तारै घट्दै गइरहेको छ र सुनीताको एन्टिडिप्रेसेन्ट औषधिको खुराक पनि घट्दै गएको छ। आशा छ, छिट्टै दुवैले आफ्नो वैवाहिक जीवनको नयाँ खुशीको अध्याय शुरू गर्नेछन्।

**नोट: लेखकले साइकोलोजी विषयमा पनि स्नात्तकोत्तर गरेका छन्।**

# दशैंमा दुर्गम क्षेत्रमा अत्यावश्यक खाद्यान्न अभाव हुन दिन्नौं- खाद्य कम्पनी

काठमाडौं, ८ असोज/रासस

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले कर्णालीलगायत दुर्गम क्षेत्रमा अत्यावश्यक खाद्यन्न अभावका कारण बडादशैंलगायतका महत्त्वपूर्ण चाडपर्व मनाउन नपाउने स्थिति आउन नदिन भरमग्दुर प्रयास गर्ने जनाएको छ।

कम्पनीका कार्यकारी निर्देशक मोहनप्रकाश चन्दले सरकारले दिएको बजेट सीमा परिधिभित्र रही जनघनत्व र आवश्यकताका आधारमा निर्धारण गरिएको कोटा अनुसार खाद्यान्न उपलब्ध गराइने बताए।

दशैंलगायतका चाडपर्वका अवसरमा दिएको छुटलाई दृष्टिगत गरी तत्कालको आवश्यकताभन्दा बढी खाद्यवस्तुको सङ्कलन गर्ने कार्यले कहींकतै भीडभाडका घटना भएको हुन सक्ने कम्पनीको भनाइ छ।

उनले भने, "आवश्यकता अनुसारको खाद्यवस्तु खरीद गरी सहयोग पुऱ्याउन कम्पनी सबै उपभोक्तासँग हार्दिक आह्वान गर्दछ।" उक्त संस्थाले मुलुकका ४१ जिल्लाका ४५ स्थानबाट सहुलियत दरमा चामल, दाल, तेल, नुन, चीन र गेंडागुडी लगायतका गुणस्तरीय खाद्यवस्तु बिक्री वितरण गर्दै आएको छ।

दशैंलगायतका महत्त्वपूर्ण चाडका अवसरमा निजी क्षेत्रको तुलनामा अनुभव हुने गरी छुटको व्यवस्था गरिएको जनाउँदै कम्पनीले दुरदराजका जनतालाई सहजरूपमा खाद्यान्न पाउन भन्ने हेतुले विभिन्न स्थानमा बिक्री केन्द्र स्थापना गरिएको जनाएको छ।




कतिपय दुर्गम जिल्लामा स्थानीयपालिका, वडा, आमासमूह र सहकारीसाग मिलेर सहुलियत दरमा सरल ढङ्गबाट अत्यावश्यक खाद्यान्न उपलब्ध गराउन कम्पनीको प्रयास जारी

(बाँकी अन्तिमपातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## फ्रान्सेली ऊर्जा कम्पनीद्वारा कतारको ग्याँसमा ठूलो नयाँ लगानी

दोहा, ८ असोज/एएफपी

फ्रान्सको टोटल इनर्जीजले शनिवार कतारको प्राकृतिक ग्याँस उत्पादन विस्तारमा ठूलो लगानी गर्नेगरी हस्ताक्षर गरेको छ। यो लगानी इन्धनमा रूसको विकल्पको रूपमा नयाँ ऊर्जा स्रोतहरूको लागि युरोपको खोजीको क्रममा आएको छ। कतारका ऊर्जामन्त्री साद शेरिदा अल–काबीले टोटल इनर्जीका प्रमुख कार्यकारी अधिकृत प्याट्रिक पोयानसँग सम्झौता भएको घोषणा गरेका हुन्।



फ्रान्सको उर्जा कम्पनी टोटलइनर्जीको कार्यालय। तस्वीरः एएफपी

काबीले भने, "कुल ऊर्जामा नर्थ फिल्ड साउथ परियोजनाको ९.३ प्रतिशत हुनेछ, जसको लागि २५ प्रतिशत विदेशी ऊर्जा फर्महरूको लागि आरक्षित गरिनेछ।"

कतारको सरकारी समाचार संस्था क्युएनएले भनेको छ, "कतार इनर्जीले नर्थ फिल्ड साउथको विकासका लागि साझेदारको रूपमा टोटल इनर्जीको चयनको घोषणा गरेको छ। नयाँ साझेदारहरूको घोषणा पछिको चरणमा गरिनेछ।"

काबीले भने, "फ्रान्सेली विशाल ऊर्जा कम्पनीले नर्थ फिल्ड साउथबाट ग्याँस निकाल्नका लागि लगानीमा पनि मदत गर्नेछ। फ्रान्सेली कम्पनीले कतारको ग्याँस विस्तारमा उन्नत रणनीतिक भूमिका निर्वाह गर्नेछ।"

गत जूनमा टोटल इनर्जीले विशाल 'नर्थ फिल्ड इस्ट' परियोजनामा भाग लिन दुई अर्ब डलरको सम्झौता गरेको थियो। यसले कतारलाई सन् २०२७ सम्ममा ६० प्रतिशतभन्दा बढी प्राकृतिक ग्याँसको उत्पादन बढाउन मदत गर्नेछ।

युरोपेली राष्ट्रहरूले रूसी तेल र ग्याँसको विकल्प खोज्न कोशिश गरिरहेका बेला नर्थ फिल्डको एलएनजी सन् २०२६ देखि काम गर्न थाल्ने अपेक्षा गरिएको छ।

संयुक्त राज्य अमेरिका र अस्ट्रेलियासँगै कतार प्राकृतिक ग्याँस (एनएलजी) उत्पादकमध्ये उत्पादनका हिसाबले विश्वको शीर्ष स्थानमा रहेको मुलुक एक हो।

सरकारी स्वामित्वको कतार इनर्जीका अनुसार नर्थ फिल्डले विश्वको ज्ञात प्राकृतिक ग्याँस भण्डारको करीब १० प्रतिशत हिस्सा ओगटेको छ।

यी भण्डारहरू समुद्रमुनि इरानी भूभागमा फैलिएका छन्, जहाँ तेहरानले आफ्नो दक्षिण पार्स ग्याँस क्षेत्रको दोहन गर्ने प्रयासलाई अन्तर्राष्ट्रिय प्रतिबन्धहरूले बाधा पुऱ्याएको छ। दक्षिण कोरिया, जापान, चीन, कतारका एलएनजीका लागि मुख्य बजार बनेका छन् तर गत वर्ष युरोपमा ऊर्जा सङ्कट उत्पन्न भएपछि खाडी राष्ट्रले बेलायतलाई थप आपूर्तिका लागि सहयोग गरेको छ। साथै यसले जर्मनीसँग सहयोग सम्झौताको पनि घोषणा गरेको छ। रासस

## रूसले सैनिक बन्दोबस्तीको जिम्मेवारी नयाँ व्यक्तिलाई दिने

मस्को, ८ असोज/एएफपी

युक्रेनको सैन्य कारबाहीका परिचालन अभियानबीच रूसी सेनाको सैन्य बन्दोबस्तीको जिम्मेवारीमा रहेका आफ्ना उच्च पदस्थ जनरलको प्रतिस्थापन गर्ने घोषणा रूसले शनिवार गरेको छ।

"सेनाका जनरल दिमित्री बुल्गाकोभलाई उपरक्षामन्त्री पदबाट मुक्त गरिएको छ र उहाँको स्थानमा कर्णेल जनरल मिखाइल मिजिन्तसेभलाई नियुक्त गरिएको छ," रक्षा मन्त्रालयले टेलिग्राम सन्देशमा भनेको छ।

युक्रेनको बन्दरगाह शहर मारिउपोललाई गत मे महीनामा रूसी सेनाले कब्जामा लिएको आरोपमा ६० वर्षीय मिजिनत्सेभमाथि बेलायतले प्रतिबन्ध लगाएको छ।

सैन्य अभियान र युक्रेनी सेनाको हालैको सफलताले रूसी सेनामा महत्त्वपूर्ण बन्दोबस्तीका त्रुटिहरूको उजागर गरेका भनाइहरू आइरहेका समय यो जिम्मेवारी परिवर्तन भएको हो। केही विश्लेषकहरूले बन्दोबस्ती रूसी सेनाको कमजोर कडी भएको पनि विश्वास गर्छन्।

यसका कारण आक्रमणाको सुरुआतपछि कठिनाइहरू निम्त्याउँछन्। रासस



कर्णेल जनरल मिखाइल मिजिन्तसेभ। तस्वीरः एएफपी

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | शत्रुभय | वृष | कार्यनाश |
| मिथुन | भयचिन्ता | कर्कट | विजय |
| सिंह | धनखति | कन्या | भाग्योदय |
| तुला | बेचैनी | वृश्चिक | धनलाभ |
| धनु | सफलता | मकर | राज्यभय |
| कुम्भ | वादविवाद | मीन | यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## अफगानिस्तानको पाठ्यक्रम मुस्लिम कानून अनुसार पुनरावलोकन गरिने

काबुल, ८ असोज/एएनआई

अफगानिस्तानको पाठ्यक्रमलाई मुस्लिम कानून अनुसार परिमार्जन गरिने भएको छ।

अफगानिस्तानमा तालिबान सरकार गठन भएपछि मुस्लिम कानूनलाई प्राथमिकता दिँदै आएकाले पाठ्यक्रम पनि त्यही अनुसार परिमार्जन गर्न लागिएको हो।

पाठ्यक्रम परिमार्जन गर्दा मुस्लिम संस्कृति, परम्परा, मूल्य मान्यतालाई सकेसम्म धेरै समेट्ने र अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बनाउने उनीहरूको भनाइ छ।

तालिबान सरकारको उच्च शिक्षा मन्त्रालयका प्रवक्ता अहमद ताक्विले ३५ वटा पाठ्यक्रम परिमार्जनको अन्तिम चरणमा पुगेको जानकारी दिए। अरू केही पाठ्यक्रम परिमार्जनको गृहकार्य भइरहेको उनले बताए।

परिमार्जनको अन्तिम चरणमा रहेका ३५ मध्ये २० वटा स्नातक तहका र १५ वटा स्नातकोत्तर तहका रहेका छन्।

अफगानिस्तानमा अहिले १६५ वटा फरक–फरक शैक्षिक पाठ्यक्रम देशभरि लागू अवस्थामा रहेको पनि उनले जानकारी दिए।

अफगानिस्तानमा तालिबान सरकार गठन भएपछि छात्रालाई विद्यालयमा पठनपाठनका लागि प्रतिबन्ध लगाइएको छ। उनीहरूलाई रोजगार गर्न समेत निषेध गरिएको छ।

त्यसैगरी, महिलाहरूलाई घरबाहिर जानुपरेमा बुर्का लगाएर र कम्तीमा एकजना आफन्तलाई सँगै लिएर मात्रै जान आदेश दिइएको छ।

छात्रालाई पठनपाठन गर्न नदिने र रोजगार गर्न नपाउने आदेशका विरुद्ध निरन्तर आन्दोलन भइरहे पनि सरकारले बेवास्ता गर्दै आएको छ।

अन्तर्राष्ट्रिय समुदायबाट समेत यसबारेमा दबाब आउँदा छात्रालाई पढ्न र रोजगार गर्न पाउने व्यवस्था गरिने आश्वासन तालिबान सरकारले दिने गरे पनि व्यवहारमा अस्वीकार गर्दै आएको छ। रासस


### वीरगंज महानगरपालिकाको सूचना

व्यक्तिगत घटना जस्तैः जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।

वीरगंज महानगरपालिका कार्यालय




वीरगंज–कलैया सडकखण्डको लक्ष्मणवामा सडकमा बदाम बेच्दै महिला। पूर्व महेन्द्रनगर घर बताउने लीलावतीदेवी थरुनीले दिनभरिमा आठ–नौं सयको बदाम बेच्ने गरेको बताइन्। घरमा छोराछोरी, नातिनातिना भएपनि स्वरोजगारको लागि बदाम बेच्ने गरेको उनले बताइन्। तस्वीरः प्रतीक

## चाडबाडमा दुर्घटना रोक्न 'टाइम कार्ड' लागू गरिने

काठमाडौं, ८ असोज/रासस

सरकारले चाडपर्वका बेला सवारी दुर्घटना रोकथाम तथा यातायातको सहज व्यवस्थापनका लागि 'टाइम कार्ड' लागू गर्ने भएको छ।



तस्वीरः फाइल

सवारी दुर्घटना रोकथाम तथा यातायातको सहज व्यवस्थापनका लागि आवश्यक निर्देशनसमेत दिने गरी बनेको समितिको आजको बैठकले गन्तव्यस्थलमा छिटो पुग्ने बहानामा तीव्रगतिमा सवारी चलाउने प्रवृत्तिलाई निरुत्साहन गर्न टाइम कार्ड लागू गर्ने निर्णय गरेको हो।

समितिले नेपाल प्रहरी, यातायात व्यवस्था विभाग तथा यातायात व्यवसायीको समन्वयमा राजमार्गमा स्थान पहिचान गरी टाइम कार्ड लागू गर्नेसहित विभिन्न १४ निर्णय गरेको छ।

समितिका संयोजक गृह प्रवक्ता फणिन्द्रमणि पोखरेलको अध्यक्षतामा बसेको बैठकले चाडपर्वको समयमा सवारीसाधनको छतमा बसी यात्रा गर्न र झुन्डिएर यात्रा गर्न नदिने तथा त्यसका लागि आवश्यकता अनुसार अनुगमन गर्ने निर्णय पनि गरेको छ।

बैठकले हरेक सार्वजनिक सवारीसाधनमा प्राथमिक उपचार किट, प्रहरी हटलाइन नम्बरलगायतका आवश्यक सूचना रहेको स्टिकर, दुर्घटना भएमा सङ्केत गर्ने वस्तु राख्ने र सवारीसाधन सेनिटाइज गर्ने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ।

चालकले अस्वाभाविक किसिमले सवारी चलाएमा गुनासो गर्न फोन नम्बर सार्वजनिक गर्ने र त्यस्तो गुनासो सुनी तत्काल परिचालित हुन सबै प्रहरी युनिटलाई निर्देशन दिने गरी आवश्यक व्यवस्था मिलाइने भएको छ।

गृह मन्त्रालयबाट प्राप्त जानकारी अनुसार यातायात व्यवस्था विभागबाट यही असोज ९ गतेदेखि मध्यम तथा लामो दूरीमा चल्ने सवारीसाधनको आधिकारिक विक्रेता, ट्राफिक प्रहरी र यातायात व्यवसायीको समन्वयमा उपत्यकाका मुख्य–मुख्य स्थानमा यान्त्रिक परीक्षण गर्ने व्यवस्था मिलाइने भएको छ।

सवारीसाधनको सहज सञ्चालनका लागि यातायात व्यवसायी महासङ्घका तर्फबाट प्रत्येक प्रदेश र जिल्लामा सम्पर्क व्यक्ति तोकेर फोन नम्बरसमेतको जानकारी नेपाल प्रहरीलाई उपलब्ध गराउने निर्णय पनि गरेको छ।

बीमा नभएका सवारीसाधन दुर्घटना भएमा क्षतिपूर्ति दिन कठिनाइ हुने तथा मेकानिकल परीक्षण नभएका सवारीसाधनको बीच बाटोमा यान्त्रिक समस्याका कारण दुर्घटना हुने तथा यात्रु अलपत्र पर्न सक्ने सम्भावना भएकाले बीमा नभएका र मेकानिकल परीक्षण नभएका सवारीसाधनलाई रूट परमिट नदिइने भएको छ। त्यसका लागि यातायात व्यवस्था विभाग र सम्बन्धित प्रदेश कार्यालयले आवश्यक व्यवस्था मिलाउनेछ।

मादक पदार्थ र लागू पदार्थ प्रयोगको आकस्मिक जाँचको व्यवस्था मिलाउने र लागूपदार्थ प्रयोग गरेको सम्बन्धमा लागूऔषध नियन्त्रण ब्युरोको मातहतका कार्यालयबाट टेस्ट किटको प्रयोग गरी जाँच गर्ने व्यवस्था मिलाइने जनाइएको छ।

दुर्घटना न्यूनीकरणमा पूर्वसतर्कता अपनाउन प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला सुरक्षा समितिका पदाधिकारी, डिभिजन सडक कार्यालय, प्रदेश पूर्वाधार कार्यालय, यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवसायी महासङ्घको प्रतिनिधित्वमा समिति गठन गरी आवश्यक कार्य गरिनेछ।

सडकमा भएका खाल्डाखुल्डी पुर्न र सडकको आवश्यकता अनुसार अवस्था सुधार गर्न डिभिजन सडक कार्यालय, प्रदेश र स्थानीय तहसँग समेत समन्वय बढाइनेछ।

यातायात व्यवसायी महासङ्घको समन्वयमा विद्यमान रिप्रेशमेन्ट सेन्टरलाई चालू हालतमा राख्ने व्यवस्था मिलाइने, दुर्घटना भई हवाई उद्धार गर्नुपर्ने भएमा यातायात व्यवसायी महासङ्घको समन्वयमा लागत बेहोर्ने गरी हवाई साधन परिचालन गर्ने तथा जिल्लास्थित बजार अनुगमन समितिमार्फत राजमार्गमा रहेका होटल, रेस्टुरेन्टको खानाको परीक्षण गर्ने र गुणस्तर परीक्षण कमजोर भएकाले समयमा सुधार नगरे कानून अनुसार कारबाही गर्ने निर्णय पनि भएको मन्त्रालयले जनाएको छ।

बिग्रेका तथा तत्काल मर्मत गर्नुपर्ने सडक सञ्चालन गर्न सडक विभागले मातहतका निकाय र प्रदेश पूर्वाधार कार्यालयलाई अनुरोध गर्ने निर्णय पनि गरेको मन्त्रालयले जनाएको छ।

यस्तै लामो दूरीमा चल्ने सवारीसाधनमा दुई चालकको व्यवस्था कार्यान्वयन गर्न नेपाल प्रहरीबाट अनुगमन गर्ने र सो भएको नपाइएमा तत्काल कारबाही गर्ने, बस व्यवसायीसमेतको समन्वयमा राजमार्गमा सवारीसाधनको अनुगमन, सवारी दुर्घटना भएमा तत्काल उद्धार गर्न मातहतका युनिटलाई परिचालन गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाललाई निर्देशन दिएको छ।

## नेपाल भ्रमण दशक मनाउने सरकारको निर्णय

काठमाडौं, ८ असोज/रासस

सरकारले पर्यटन क्षेत्रलाई चलायमान बनाउन नेपाल भ्रमण दशक मनाउने निर्णय गरेको छ।

संस्कृति, पर्यटन तथा नागरिक मन्त्रालयका सचिव सुरेश अधिकारीले कोभिड–१९ महामारीले शिथिल बनेको मुलुकको पर्यटन पुनरूत्थान गर्दै यस क्षेत्रलाई चलायमान बनाउन नेपाल भ्रमण दशक मनाउने निर्णय भएको जानकारी दिए।

होटल सङ्घ नेपाल (हान)ले आयोजना गरेको आतिथ्यता सम्मेलन 'नेपाल हस्पिटालिटी कन्क्लेभ–२०२२'का अवसरमा उनले शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले सन् २०२३ देखि २०३३ लाई भ्रमण दशकको रूपमा मनाउने निर्णय गरिएको बताए।

यसअघि सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा मनाएर उक्त अवधिमा २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको थियो। तथापि कोभिड महाकारीका कारण भ्रमण वर्ष स्थागित भएको थियो। कोभिडपछि बिस्तारै मुलुकको पर्यटन क्षेत्र गतिशील बन्दै गएको छ।

पर्यटन क्षेत्रको चाडो पुनरुत्थान गर्ने लक्ष्यका साथ सरकारले भ्रमण दशक घोषणा गरेको हो। कोभिडले सबैभन्दा बढी प्रभावित बनेको पर्यटन उद्योगको प्रवर्द्धनका लागि निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी भ्रमण दशकको रूपमा मनाएर विदेशी पर्यटक आवागमनमा बढोत्तरी गर्ने सरकारको उद्देश्य गरेको छ।

पर्यटन मन्त्रालयले सार्वजनिक गरेको पर्यटन पुनरुत्थान कार्ययोजनामा भ्रमण दशक मनाउने उल्लेख छ। तथापि, भ्रमण दशकमा के कस्ता कार्यक्रम गरिने भन्ने अहिले खुलाइएको छैन। कोभिडपूर्व




अर्थात् सन् २०१८ र सन् २०१९ मा समान १२ लाख हाराहारी विदेशी पर्यटक नेपाल भित्रिएका थिए। सन् २०२१ मा दुई लाख ३० हजार ८५ विदेशी पर्यटक नेपाल आएको नेपाल पर्यटन बोर्डको विवरण छ।

कोभिड–१९ पछि पर्यटन उत्थान कार्यक्रम सार्वजनिक गरेको मन्त्रालयले यसअघि नै भ्रमण दशक मनाउने उद्घोष गरिसकेको थियो। सोही योजना मुताबिक सरकारले भ्रमण दशक मनाउने निर्णय गरेको हो।

# नेरामावि निचुटामा छात्रवृत्ति वितरण

प्रस, पंचगावाँ, ८ असोज/

पटेर्वासुगौली गाउँपालिका वडा नं ५ नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निचुटामा शुक्रवार छात्रवृत्ति वितरण गरिएको छ । वडा नं ५ का अध्यक्ष विपिन मुखिया र गाउँपालिकाको शिक्षा शाखा प्रमुख शम्भुप्रसाद साहको रोहबरमा कक्षा १ देखि कक्षा ८ सम्मका सम्पूर्ण छात्रा र दलित छात्र गरी ४१५ जनालाई जनही रु ४०० को दरले छात्रवृत्ति वितरण गरिएयो विद्यालयका प्रधानाध्यापक श्याम घिमिरेले बताए ।


तस्वीरः प्रतीक

# पर्सागढीमा माओवादी केन्द्रको पार्टी कार्यालय उद्घाटन

प्रस, बिरुवागुठी, ८ असोज/

पर्सागढी नगरपालिका वडा नं ३ बडनिहारमा शनिवार नेकपा माओवादी केन्द्रले नगरस्तरीय पार्टी कार्यालयको उद्घाटन गरेको छ ।

नेकपा माओवादी केन्द्र पर्साका जिल्ला सदस्य बालकृष्ण श्रेष्ठ, पर्सा निर्वाचन क्षेत्र नं २ इन्चार्ज तथा प्रदेशसभा २ (क)का उम्मेदवार अमिताभ बच्चन दास र पर्सागढी नगर कमिटी संयोजक सोम लामाद्वारा संयुक्तरूपमा रिबन काटी पार्टी कार्यालयको उद्घाटन गरिएको हो ।


तस्वीरः प्रतीक


## विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं ।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रूपमा प्रयोग नगरौं ।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं ।
- महिलालाई पुरूषको तुलनामा कमजोर पात्रको रूपमा प्रस्तुत नगरौं ।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढावा दिने विज्ञापन नगरौं ।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**



Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA Exhilarating Hospitality Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# स्व तिवारीको सालिक अनावरण

प्रस, वीरगंज, ८ असोज/

नेपाल हिन्दू परिषद् नेपालको सक्रियता तथा स्थानीयहरूको सहयोगमा



अशोक वाटिकामा स्व काशी तिवारीको सालिक निर्माण भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि स्वामी चर्तुभुजाचार्य चुडामणि महाराजले एक सालिकको अनावरण गरेका थिए । कार्यक्रममा उद्योगी अशोक बैदलगायत विभिन्न दलका नेताहरूको सहभागिता थियो ।

### बारामा चार लाख.....

रहेकामा ६१ मतदानस्थल तथा एक सय ३२ मतदान केन्द्र तोकिएको छ ।

विसं २०७४ मङ्सिर २१ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा तीन लाख ४९ हजार ९४६ मतदाताका लागि ३०३ मतदानस्थलको व्यवस्था गरिएको थियो । ३०३ मतदान स्थलमध्ये ६६ अति संवेदनशील रहेको थियो ।

निर्वाचन क्षेत्र नं १ मा ९६ हजार १४६ मतदाताका लागि ८४ मतदान स्थल, दुईमा कुल ८३ हजार ५२४ मतदाताका लागि ८२ मतदान स्थल, निर्वाचन क्षेत्र नं ३ मा ८४ हजार ६६९ मतदाताका लागि ७६ मतदान स्थल र निर्वाचन क्षेत्र नं ४ मा जम्मा ८५ हजार ६०७ मतदाताका लागि ६१ मतदान स्थलको व्यवस्था गरिएको निर्वाचन कार्यालयले जनाएको छ ।

### दशैंमा दुर्गम क्षेत्र....

छ ।

चाडबाडअघि नै अत्यावश्यक खाद्यान्न उपलब्ध गराउन टेण्डर भई ढुवानीको काम सुरू भइसकेको जनाउादै कम्पनीले टेन्डर नपरेका कतिपय स्थानमा भने छोटो प्रक्रियाका आधारमा हेलिकप्टरद्वारा पुऱ्याइने जनाएको छ ।

कम्पनीबाट सञ्चालन गरिएको सुपथ मूल्य पसलको बिक्री वितरण र मागको आकर्षण रहेको जनाउँदै काठमाडौं उपत्यकालगायतका शहरमा अनलाइन मागका आधारमा घरदैलोमैं सेवा दिइरहेको जनाएको छ ।

# खेलकूदको संसार

## अमेरिकाको ओहायोमा नेपालीभाषीको फूटबल उत्सव शुरू

काठमाडौं, ८ असोज/रासस

अमेरिकावासी नेपाली भाषी समुदायका लागि फूटबल खेलको महोत्सव अमेरिकाको ओहायो राज्यस्थित सिनसिनाटी शहरमा शुक्रवारदेखि शुरू भएको छ ।

...इन्ट्रा नेशनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेशनले आयोजना गरेको सो प्रतियोगिताको उद्घाटन शुक्रवार राति फाउन्डेशनका अध्यक्ष डिल्ली अधिकारीले गरेका थिए । प्रतियोगितामा भाग लिन अमेरिकामा बसोबास गर्ने नेपालीभाषी



तस्वीरः रासस

हुनुपर्ने प्रावधान राखिएको छ ।

तीन दिनसम्म जारी रहने सो उत्सवमा अमेरिकाका विभिन्न राज्यबाट ३८ वटा फूटबल टीमको सहभागिता छ । युवा, महिला र ३५ वर्षमाथि उमेर समूहका भेट्रानका भिन्नभिन्न टीमबीच प्रतिस्पर्धामा हुने बताइएको छ ।

सो खेलको विजेताका लागि १५ हजार अमेरिकी डलर (१९ लाख ४० हजार नेपाली रुपैयाँ) पुरस्कार राखिएको छ । उद्घाटनलगत्तै युनिक ब्वाइज फूटबल क्लब र पथरी इ वान फूटबल क्लबबीच प्रतिस्पर्धा भएको थियो ।

त्यसैगरी, कोलम्बस स्टार फूटबल क्लब र रिबोलुशन फूबल क्लब तथा रोयल फूटबल क्लब र सिन्सी कुल क्याट फूटबल क्लबका बीच प्रतिस्पर्धा हुने कार्यक्रम रहेको छ ।

तीनवटा फूटबल मैदानमा एकै समयमा आइएन क्रिस्ट युनाइटेड भर्सेस एरो फूटबल क्लब, मिचिगन फूटबल क्लब भर्सेस ब्लाकलिक युनाइटेड, साङ्ग्रिला युथ फूटबल क्लब भर्सेस नर्थ डकोटा युनाइटेड फूटबल क्लबका बीच प्रतिस्पर्धा हुने कार्यक्रम रहेको छ ।

त्यसैगरी, रोही कोलम्बस फूटबल क्लब भर्सेस एफसी युनाइटेड, इन्ट्रा फूटबल क्लब भर्सेस बेलडाँगी युथ फूटबल क्लब, एफसी नाइट भिजन भर्सेस बिवाइएससी, चुके फूटबल क्लब भर्सेस युनाइटेड ओन्टारियो फूटबल क्लब, टिमाइ स्क्वाड भर्सेस एफसी ओरेन्ज, भरमन्ट एघार भर्सेस पिस जोन स्पोर्टिङ अफ बिसिएएका बीच रोचक प्रतिस्पर्धा हुनेछ ।

उद्घाटनकै दिन सम्पन्न भेट्रानतर्फको खेलमा ह्यारिसवर्ग भेट्रान्स भर्सेस एक्रन भेट्रान्स, सिन्सी इन्ट्रा भेट्रान्स भर्सेस मिनिसोटा भेट्रान्स, सिन्सी येल भेट्रान्स भर्सेस कोलम्बस इन्ट्रा भेट्रान्स, रिभाइभल भेट्रान्स भर्सेस् हिलसिटी भेट्रान्सका बीच पनि प्रतिस्पर्धा हुनेछ ।

युवाका २६ वटा टीम सहभागी रहेकाले यो समूहको खेल नकआउट विधिबाट गरिएको खेल आयोजक समितिका संयोजक राजन चुहानले बताए । भेट्रान्सतर्फ आठवटा टीम र महिलातर्फ चारवटा टीम सहभागी छन् । महिला टीमबीच हुने प्रतिस्पर्धा भने अमेरिकी पूर्वीय समय अनुसार शनिवार शुरू हुने आयोजना संयोजक चुहानले जानकारी दिए ।

खेल शुरू हुनुअघि बिहीवार साँझ सिनसिनाटीको होटल मेरियटमा खेल टीमका म्यानेजर, क्याप्टेन र कोचलाई आयोजक संस्था इन्ट्रा फाउन्डेशनले स्वागत समारोहको आयोजना गरेको थियो । फाउन्डेशनका प्रवक्ता केशव आचार्य र सचिव गोपाल धितालले सहभागीलाई स्वागत गरेका थिए भने गायक तथा सङ्गीतकार केशव पौडेलले तयार गरेको इन्ट्राको खेल गीत पनि पहिलोपटक सार्वजनिक गरिएको थियो ।

विभिन्न चरणमा खेल भई फाइनलमा पुग्न सफल टीमका बीच सेप्टेम्बर २५ मा अन्तिम प्रतिस्पर्धा हुने कार्यक्रम तय भएको छ ।

## नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता प्रदेशमा खोटाङलाई ११ वटा स्वर्ण पदक

खोटाङ, ८ असोज/रासस

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत प्रदेशस्तरीय प्रतिस्पर्धामा खोटाङले ११ स्वर्ण पदक जितेको छ । गत भदौ २९ देखि असोज ८ गतेसम्म १ नं प्रदेशका विभिन्न जिल्लामा सञ्चालन भएको प्रतियोगितामा खोटाङका लागि सितोरियो करातेमा छ, पौडीमा दुई, बक्सिङ, शारीरिक सुगठन र भारोत्तलनमा एक/एक वटा स्वर्ण पदक प्राप्त भएको हो ।

सितोरियो करातेतर्फ महिला समूह काँतामा समिता राई, विद्याकला राई र रोश्मा राईले एक स्वर्ण पदक जितेका छन् ।

महिला टीम कुमुतेमा विद्याकला राई, कञ्चन नेपाली र सञ्जिता राईले स्वर्ण पदक जितेका छन् ।

यस्तै, कुमुतेतर्फ ५५ किलो समूहमा विद्याकला राई, ६१ किलो समूहमा कञ्चन नेपाली, ६८ किलोभन्दा माथिको तौल समूहमा मिसडोना राई र ७५ किलो तौल समूहमा रूरिहाङ राईले स्वर्ण पदक जितेका छन् । सितोरियो करातेमा खोटाङका २९ खेलाडीले प्रदेशस्तरीय खेलकूद प्रतियोगितामा प्रतिस्पर्धा गरेका थिए ।

पौडीमा जिल्लाबाट पहिलोपटक खेलाडी सहभागी गराउन पाएको खोटाङले पहिलोपटक नै दुई स्वर्ण पदक प्राप्त गरेको छ । पौडीमा क्रिस राईले खोटाङलाई फ्रिस्टाइलमा एक र ब्रेस्टओमा एकवटा स्वर्ण पदक दिलाएको हो । भारोत्तलनमा ज्योति थापाले एक स्वर्ण जितेको जिल्ला खेलकुद विकास समितिका प्रमुख लिलाभक्त केसीले जानकारी दिए । शारीरिक सुगठनमा देवराज पराजुली र बक्सिङमा फुर्देन शेर्पाले स्वर्ण पदक जितेका छन् ।

प्रदेशमा स्वर्ण पदक विजेताले नवौं राष्ट्रिय खेलकूद प्रतियोगितामा प्रतिस्पर्धा गर्न पाउनेछन् । स्वर्ण पदक नजिते पनि एथ्लेटिक्सकी दीर्पा बस्नेत, इन्दिरा श्रेष्ठ र गणेश बस्नेत तथा भलिबलमा रोशन विश्वकर्मा तथा प्रविण कटवाल पनि राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि छनोटमा परेका छन् ।

यस्तै, महिला भलिबलतर्फ विनीता राई र शिखा कोयीले पनि राष्ट्रिय खेलकूद प्रतियोगितामा खेल्ने अवसर पाएका छन् । प्रदेशस्तरीय प्रतियोगितामा खोटाङबाट सितोरियो कराते, फुटबल, भलिबल, एथ्लेटिक्स, ब्याडमिन्टन, उसु, तेक्वान्दो, बक्सिङ, बुद्धिचाल, टेबलटेनिस, शारीरिक सुगठन, पौडी, भारोत्तलन र सफ्ट टेनिसका गरी १५८ खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता यही असोज २८ देखि कातिक ३ गतेसम्म पोखरामा सञ्चालन हुने जनाइएको छ । नवौं राष्ट्रिय खेलकूद प्रतियोगितामा खोटाङका १७ खेलाडी सहभागी हुने जिल्ला खेलकूद विकास समितिले जनाएको छ ।

यसैबीच, सितोरियो कराते खोटाङका प्रमुख प्रशिक्षक एवं अन्तर्राष्ट्रिय रेफ्री बिचारी तामाङले नवौं राष्ट्रिय खेलकूद प्रतियोगिताको प्रदेश र राष्ट्रिय प्रतियोगिताका पदक विजेता खेलाडीलाई नगद पुरस्कार दिने घोषणा गरेका छन् । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–२ मुडे घर भएका कराते प्रशिक्षक एवं अन्तर्राष्ट्रिय रेफ्री तामाङले सितोरियो करातेतर्फको प्रदेश तथा राष्ट्रिय खेलकूद प्रतियोगिताका पदक विजेता खेलाडीलाई नगद पुरस्कार दिने घोषणा गरेको हुन् ।

प्रदेशस्तरीय प्रतिस्पर्धामा प्रथम, दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने खेलाडीलाई जनही क्रमशः रु पाँच हजार, तीन हजार र दुई हजार तथा राष्ट्रिय प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने खेलाडीलाई क्रमशः जनही रु २५ हजार ५५५, रु १५ हजार ५५५ र रु ११ हजार १११ प्रदान गर्ने घोषणा गरेका छन् ।

सितोरियो कराते खेलाडीको मनोबल बढाउन र खेल क्षेत्रको प्रवर्द्धनका लागि पदक विजेता खेलाडीलाई व्यक्तिगतरूपमा नगद पुरस्कार दिने घोषणा गरेको तामाङले बताए ।